३८

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, पुस २५ गते २०४० साल (संख्या ३८

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

**शाही नेपाली सेनाको बेकम्मा वा बेचलतीका सामानहरू हटाउने (व्यवस्था) (दोस्रो संशोधन) नियमहरू, २०४०**

शाही नेपाली सेनाको बेकम्मा वा बेचलतीका सामानहरू हटाउने (व्यवस्था) नियमहरू, २०२२ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "शाही नेपाली सेनाको बेकम्मा वा बेचलतीका सामानहरू हटाउने (व्यवस्था) (दोस्रो संशोधन) नियमहरू, २०४०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. शाही नेपाली सेनाको बेकम्मा वा बेचलतीका सामानहरू हटाउने (व्यवस्था) नियमहरू, २०२२ को नियम ३ मा संशोधन : शाही नेपाली सेनाको बेकम्मा वा बेचलतीका सामानहरू हटाउने (व्यवस्था) नियमहरू, २०२२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२५

"३. बैठक बस्ने समय : (१) नियम २ बमोजिम गठन भएको समितिको बैठक सामान खप्ने अवधि समाप्त हुनासाथ बस्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम समितिको बैठक बस्न समितिको अध्यक्षले समितिको बैठक बस्ने दिन र समय तोकी त्यसको सूचना सम्बन्धित फर्मेशन, बाहिनी, युनिट, सब-युनिट तथा डिपोहरूलाई दिनेछन् ।"

३. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को "उप-नियम (११) मा रहेको सम्भार रथी विभाग (जनरल) शाही जंगी अड्डा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित विभाग वा बाहिनी अड्डा" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को खण्ड (३) को उप-खण्ड (क), खण्ड (४) को उप-खण्ड (क) र (ग) तथा खण्ड (५) मा रहेको "सम्भार रथी विभाग (जनरल)" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित विभाग वा बाहिनी अड्डा" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ :—

"७. निकासा दिने अधिकारी : (१) समितिले नियम ५ को उप-नियम (११) बमोजिम स्वीकृतिको लागि कार्य विवरण पेश गरेकोमा बेकम्मा ठहरिएको सामान जतिको हकमा सम्बन्धित विभाग वा बाहिनी अड्डाले कार्य विवरण हेरी कुनै कैफियत नदेखिएमा मनासिब निकासा दिनेछ र त्यसको सूचना रक्षा मन्त्रालय, सम्भार रथी विभाग (जनरल) र सम्बन्धित डिपोहरूलाई पठाउनेछ ।

(२) सामान खप्ने अवधि पुग्नुभन्दा अगावै कुनै सामान बेकम्मा ठहऱ्याउनु पर्ने अवस्था पर्न गएमा त्यस्ता सामान बेकम्मा ठहऱ्याउनु पर्ने कारण दर्शाई सम्बन्धित विभाग वा बाहिनी अड्डाले एकीन गरी बेकम्मा ठहऱ्याउने स्वीकृतिको लागि सम्भार रथी विभाग (जनरल) मा पठाउने र सम्भार रथी विभाग (जनरल) ले पनि उचित ठहऱ्याई आवश्यक देखिएमा स्वीकृति दिन सक्नेछ ।

(३) सामान खप्ने अवधि नतोकिएको सामानको हकमा त्यस्ता सामानलाई बेकम्मा ठहऱ्याउन सम्भार रथी विभाग (जनरल) मा पेश गरी स्वीकृत भएपछि बेकम्मा ठहऱ्याउनु पर्नेछ ।

(४) कार्य विवरणमा कुनै कैफियत देखी कारवाई गर्नु गराउनु पर्ने भएमा सम्बन्धित विभाग वा बाहिनी अड्डाले कारवाई गर्ने, गराउनेछ र त्यसको सूचना रक्षा मन्त्रालय र सम्भार रथी विभाग (जनरल) मा पठाउनेछ ।

(५) बेचलती ठहऱ्याएको सामानको हकमा सम्भार रथीले निकासाको लागि रक्षा मन्त्रालयमा लेखी पठाउनुपर्छ ।"

आज्ञाले,
मुकुन्द शमशेर थापा
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०